नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.............................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:

च.नं.:

मिति:-२०८२/०९/२

विषय:- युवा परिषद्मा आवद्ध संघसंस्थासँगको साझेदारीमा युवा लक्षित कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्वन्धमा।

श्री इच्छुक राष्ट्रिय युवा परिषद्सँग आवद्ध संघसंस्थाहरू,

सबै प्रदेश ।

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये युवा परिषद्मा आवद्ध संघसंस्थासँगको साझेदारीमा युवा लक्षित कार्यक्रम सञ्चालन गर्न मिति २०८२।०९।०१ को निर्णय अनुसार ५ ओटा कार्यक्रम स्वीकृत भएकोले परिषदसँग काम गर्न इच्छुक राष्ट्रिय युवा परिषद्मा आवद्ध संघसंस्थाहरूले तपशिल वमोजिमका विषय र शर्तहरूको आधारमा प्रकृया पुरा गरी २०८२ साल पुस १७ भित्र राष्ट्रिय युवा परिषद्मा प्रस्ताव पेश गर्न यसै सूचना मार्फत आह्वान गरिएको छ।

तपशिल

क. युवा लक्षित कार्यक्रम संचालन गर्ने कार्यक्रमका बिषयहरू

- कृषी क्षेत्र/शिक्षा क्षेत्र /स्वास्थ्य क्षेत्र/सूचना प्रविधी क्षेत्र
- परम्परागत उद्यमको संरक्षण तथा स्तरवृद्धि गर्ने प्रकारको कार्यक्रम
- सामाजिक विकृती विरुद्धमा युवा परिचालन
- कलाकारीता क्षेत्र/खेलकूद क्षेत्र/पर्यटनक्षेत्र
- उद्यमशीलता र रोजगारीको अभिवृद्धि गर्ने क्षेत्र
- विशेष अभियानमा युवा परिचालन।
- वातावरण संरक्षणसम्वन्धी कार्यक्रम।

ख. शर्तहरू

१. १६-४० वर्ष उमेर समूहका युवाहरूको लागि लक्षित गरिएका र ठोस उपलब्धि हाँसिल हुने कार्यक्रम हुनुपर्नेछ ।

२. कार्यक्रम साझेदारीमा आधारित हुनेछ। साझेदारी गर्दा प्रस्ताव पेश गर्ने निकायको न्यूनतम २५ प्रतिशत आर्थिक साझेदारीको सुनिश्चता हुनुपर्नेछ।

३. उपत्यका भन्दा वाहिरका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

४. संघसंस्थाहरू तथा अन्य निकायहरूसँगको साझेदारीमा युवा लक्षित कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन कार्यविधि २०७५, को दफा ४ र ५ वमोजिम गठित समितिवाट छनौट भएका उल्लिखित संघसंस्थाहरूसँग मात्र सम्झौता गरी यो कार्यक्रम सञ्चालन गरिनेछ।

प्रशासकीय प्रमुख

प.सं.:
च.नं.:

५. प्रस्तावना र आवश्यक कागजातहरू राष्ट्रिय युवा परिषद्को कार्यालय सानोठिमी, भक्तपुरमा पेश गर्नुपर्नेछ ।

ग. प्रक्रिया

१. तपशिलका विषयमा विस्तृत प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ:

- कार्यक्रमको लक्ष्य/उद्देश्य ।
- कार्यक्रमको खाका र कार्यान्वयन प्रकिया सहितको कार्ययोजना ।
- कार्यक्रमको अपेक्षित उपलब्धि/दिगो विकास लक्ष्य र युथ भिजन २०२५ को लक्ष्य प्राप्तिमा पुग्ने योगदान।
- लाभान्वित युवा संख्या/लक्षित वर्ग /कार्यक्रम सञ्चालन गर्ने क्षेत्र ।
- वजेटको अनुमानित खाका वढीमा एक लाख पच्चीस हजार सम्मको र संघसंस्थाले साझेदारीमा गर्ने थप २५ प्रतिसत खर्च समेत उल्लेख गर्नुपर्नेछ।
- सम्पर्क व्यक्तिको नाम ,थर, पद ,मोवाईल नं र ईमेल ठेगाना ।

२. प्रस्ताव पेश भएपछि छनौट समितिवाट मूल्याङ्कन भइ छनौटमा परेका तोकिएका संघसंस्थाहरूसँग सम्झौता गरीने छ।

३. छनौटमा परेका संघसंस्थाहरूले कार्यक्रम सम्पन्न गरी आवस्यक कागजात पेश गरे पश्चात भूक्तानी स्वरुप रकम निकाशा गरिनेछ।

४. कार्यक्रम सञ्चालन पश्चात कार्यक्रम सञ्चालन भएको निकाय वा संस्थावाट कार्यक्रम सम्पन्न भएकोपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

घ. संलग्न गर्नुपर्ने कागजातहरू (नविकरण सहितका)

- संस्थाको निवेदन
- संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी
- राष्ट्रिय युवा परिषद्मा आवद्ध प्रमाणपत्रको प्रतिलिपी
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपी
- संस्थाको लेखापरीक्षणको प्रतिवेदन।

ङ. यस कार्यक्रमसँग सम्वन्धित कार्यविधि परिषद्को वेभसाईट www.nyc.gov.npमा राखिएको छ। अन्य थप जानकारीका लागि ०१६६३०१९३ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

गेहनाथ गौतम
प्रशासकीय प्रमुख
**प्रशासकीय प्रमुख**